स्थानीय सरकार

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
कोशी प्रदेश, सुनसरी

प.सं.-२०८२/०८३
च.नं.-

मिति: २०८३/०२/१८

**विषय: भुल सुधार गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०८३/०८४ का लागि आन्तरिक आय संकलन सम्बन्धी विभिन्न शीर्षकहरूको ठेक्का बन्दोबस्त गर्न मिति २०८३/०२/१३ गते प्रकाशित शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचनामा रा.ठे. नं. १, २, ३ र १३ को हकमा बोलपत्रदाताले बोलपत्र खरिद तथा पेश गर्दा पेश गर्नुपर्ने कागजात सम्बन्धी व्यवस्था प्राविधिक त्रुटिवश उल्लेख हुन छुट हुन गएकोले देहाय बमोजिम भुल सुधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
उल्लेखित रा.ठे. नं. १, २, ३ र १३ मा सहभागी हुन इच्छुक बोलपत्रदाताले बोलपत्र खरिद तथा पेश गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (मू.अ.कर.) मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।
यस सम्बन्धमा मिति २०८३/०२/१३ गते प्रकाशित सूचनाका अन्य शर्त, बन्देज, योग्यता, प्रक्रिया तथा व्यवस्थाहरू यथावत् कायम रहने व्यहोरा समेत सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीका लागि अनुरोध गरिन्छ।

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत